नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
विद्युत विकास विभाग
(अनुमतिपत्र महाशाखा)

फोन नं. ४५३४११९, ४५११५३७, ४५११५०१
फ्याक्स (९७७-१)-४५३९९०३
पोष्ट बक्स नं. २५००७
सानोगौंचरण काठमाडौं, नेपाल

पत्र संख्या :- ०८२/८३
च. नं. :- १३८५

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय विद्युत विकास विभाग २०५०

मितिः २०८२/१०/२८

विषयः विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा ।

श्री निलगंगा हाइड्रोपावर कम्पनी लि.,
काठमाडौं-३२, नेपाल।
फोन नः ९८५१२२१३७२

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित दुध खोला १ जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा पेश भएको दरखास्त माथि कारबाही हुँदा निम्न विवरणहरू तोकिएको समयावधि भित्र पेश गर्न हुन यस विभागको मिति २०८२/१०/२७ गतेको निर्णयानुसार जानकारी गराइन्छ।

क) प्रस्तावित क्षेत्र अन्नपूर्ण संरक्षण क्षेत्रमा पर्ने देखिएकोले विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संसोधन) को दफा १२(५) बमोजिम सहमति **छ महिना** भित्र वन तथा वातावरण मन्त्रालयको सहमतिपत्र पेश गर्न र सो अवधि भित्र सहमति पेश गर्न नसकेमा **सोही दफा बमोजिम दरखास्त रद्द हुनेछ**।

ख) विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संसोधन) को दफा १० को उपदफा (३) को व्यवस्था बमोजिम **पैतिस (३५)** दिनको समयावधि भित्र निम्न विवरणहरू

- Desk Study Report प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धक संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको ।
- प्रवर्द्धक कम्पनीको आ.व.०८१/८२ को कर चुक्ता प्रमाणपत्र (नोटराइज प्रतिलिपि) ।
- प्रवर्द्धकको तर्फबाट सम्पर्क वा पत्राचार गर्न तोकिएको आधिकारिक/अख्तियारी प्राप्त व्यक्ति, पत्राचार गर्ने स्पष्ट ठेगाना, (इमेल, पोष्ट बक्स न) सम्बन्धमा संचालक समितिको बैठकको निर्णयको सक्कल वा प्रमाणित प्रति र अख्तियारी प्राप्त व्यक्तिको प्रमाणित परिचय पत्रको नोटराइज प्रति एवं सम्पर्क नं .।
- आयोजनाको प्रमुख संरचना सहित अक्षांश देशान्तर नक्शांकन भएको सक्कल स्थलरुप (टोपो) नक्शा (दुवै परामर्शदाता र प्रवर्द्धक संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको) ।
- प्रवर्द्धक कम्पनीको शेयर दर्ता किताबको (नोटराइज प्रतिलिपि) ।
- विभागबाट तोकिएको ढाँचाको UDIN No.समेत खुलेको नेट वर्थ प्रमाणपत्र र सो लाई पुष्टि हुने कागजात/विवरणहरु।
- नेटवर्थ तयार गर्ने सि.ए. संस्थाहरुको COP, आ.व.०८१/८२ को कर चुक्ता प्रमाणपत्र, दर्ता सम्बन्धी कागजात तथा नविकरण भएको निस्साको (नोटराइज प्रतिलिपि) ।
- परामर्शदाता संस्था दर्ता प्रमाणपत्र(स्पष्ट भएको), स्थायी लेखा नम्बर(स्पष्ट भएको), कम्पनीको प्रवन्धपत्र, नियमावलि तथा आ.व.०८१/८२ को कर चुक्ता प्रमाणपत्रको नोटराइज प्रतिलिपि ।
- परामर्शदाता संस्था सँग भएको सम्झौता पत्र (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धक संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको) ।
- कम्तिमा अघिल्लो दुई आर्थिक वर्ष मध्य एक आर्थिक वर्षको लेखा परीक्षण गरिएको वित्तिय विवरण ।
- प्रवर्द्धक कम्पनी अद्यावधिक सम्बन्धी कम्पनी रजिष्ट्रारको कार्यलयबाट जारी पत्र (नोटराइज प्रतिलिपि) ।

१०।२८

(केशव बस्नेत)
इन्जिनियर
मितिः २०८२/१०/२८